coop

# पोखरा रोयल सहकारी संस्था लिमिटेड

# Pokhara Royal Co-Operative Society Limited

आवद्धता

नेफ्स्कून

## २८ औं वार्षिक प्रतिवेदन

## २०७६









# पोखरा रोयल साकोस
# Pokhara Royal Saccos

## संचालक समिति



अध्यक्ष
मे. तुलसी प्रसाद गुरुङ्ग



उपाध्यक्ष
रुद्र कुमारी गुरुङ्ग (मैना)



सचिव
भीम बहादुर गुरुङ्ग



कोषाध्यक्ष
क्या. चन्द्र प्रसाद गुरुङ्ग



सदस्य
ध्रुवमोहन भट्टराई



सदस्य
गिर बहादुर श्रेष्ठ (किरण)



सदस्य
कृष्ण ढकाल

## लेखा सुपरिवेक्षण समिति



संयोजक
हर्क बहादुर गुरुङ्ग



सदस्य
केदारनाथ पोखरेल



सदस्य
बालाकृष्ण पौडेल



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएको मेची महाकाली ॥

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरूका रगतले स्वतन्त्र र अटल ॥

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ॥

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ॥

## सहकारीका ७ सिद्धान्तहरू:

स्वेच्छिक तथा खुला सदस्यता : (Voluntary & Open Membership)
सदस्यहरुद्वारा लोकतान्त्रिक नियन्त्रण : (Democratic Member Control)
सदस्यहरुको आर्थिक सहभागिता : (Member's Economic Participation)
स्वायत्तता र स्वतन्त्रता : (Autonomy & Independence)
शिक्षा, तालिम तथा सूचना : (Education Training & Information)
सहकारी-सहकारीबीच पारस्परिक सहयोग : (Co-operation among Co-operatives)
समुदायप्रतिको चासो : (Concern for Community)

# कार्यक्रम तालिका

**मितिः २०७६ साल कार्तिक २३ गते शनिबार ।**

**स्थानः पोखरा प्रर्दशनी केन्द्र, नयाँबजार-९, पोखरा**

**सम्पर्क नं.: ९८५६०८१५०१, ९८५६०८१५०३, ९८५६०८१५११**

**प्रथम शेसन**

| समय | कार्यक्रम |
|---|---|
| ७:३० | रजिष्ट्रेशन तथा चिया |
| ९:०० | आशन ग्रहण |
| ९:१० | राष्ट्रिय गान बाचन |
| ९:१५ | स्वागत मन्तव्य |
| ९:२० | कार्यक्रम उद्घाटन |
| ९:२५ | वार्षिक प्रगति झलक प्रस्तुत |
| ९:४० | सम्मान तथा पुरस्कार वितरण कार्यक्रम |
| १०:१० | प्रशिक्षण |
| ११:१० | मन्तव्य |
| ११:१५ | प्रथम शेसन अन्त्य/खाना |

**दोस्रो शेसन (बन्द शेसन) शेयर सदस्यहरू मात्र**

| समय | कार्यक्रम |
|---|---|
| १३:०० | प्रवेश |
| १३:१० | आशनग्रहण |
| १३:२० | सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत र पारित गर्ने |
| १३:४० | लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत र पारित गर्ने |
| १३:५० | कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने |
| १४:२० | लेखा परिक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने |
| १४:३० | लेखा परिक्षक नियुक्ती र पारिश्रमिक तोक्ने |
| १४:४० | विनियम संशोधन गर्ने |
| १४:५० | निति तथा कार्यविधिहरू अनुमोदन गर्ने |
| १५:१० | साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्य चयन |
| १५:२० | विविध |
| १५:३० | एकिकरण घोषणा सभा |

# पोखरा रोयल साकोस

**प्रधान कार्यालय, रोयल सहकारी भवन पोखरा १० बुद्धचोक**

**को**

## १८औ वार्षिक साधारण सभामा उपस्थित हुने बारेको सुचना

यस संस्थाको मिति २०७५ असार ३१ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न मिति, स्थान र समयमा संस्थाको १८औं वार्षिक साधारण सभा तपसिलका विषय उपर छलफल र निर्णय गर्न बस्ने बारेको पत्र सदस्यहरुको ठेगानामा पठाई सकिएको छ कथंकदाचित पत्र प्राप्त नभएमा यसै सुचनालाई आधार मानि उपस्थित भई दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

**छलफलका विषयहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
२. लेखा समितिको तर्फबाट संयोजक ज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
३. आ.व.२०७५/०७६ को लेखा परिक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
४. आ.व.२०७६/०७७ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने ।
५. आ.व.२०७६/०७७ को लागि लेखा परिक्षक नियुक्ती गर्ने ।
६. विनियम संशोधन गर्ने ।
७. एकिकरण एवं घोषणा सभा गर्ने ।
८. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नियुक्ती गर्ने ।
९. विविध ।

**मिति : २०७६ साल कार्तिक २३ गते शनिबार ।**
**स्थान : पोखरा प्रर्दशनी केन्द्र, नयाँबजार-९, पोखरा**
**समय : विहान ७:३० बजेदेखि ।**

**भीमबहादुर गुरुङ्ग**
**सचिव**

# पोखरा रोयल साकोस

**बुद्धचोक, पोखरा**

## साधारण सभा सम्बन्धी विशेष जानकारी

१. साधारण सभामा भाग लिन आउने सदस्य महानुभावहरूले यो प्रतिवेदन साथमा लिई पाल्नु हुन अनुरोध गरिन्छ ।

२. सदस्य महानुभावहरूको जिज्ञाशा, प्रश्न तथा मन्तव्यहरूका सम्बन्धमा सञ्चालक समितिको अध्यक्ष वा निजले तोकिदिएको व्यक्तिबाट बेग्ला बेग्लै वा सामुहिक रूपमा उत्तर दिइने छ ।

३. सभामा आफ्नो मन्तव्य तथा राय व्यक्त गर्न चाहने सदस्यहरूले अध्यक्षले तोकिदिएको समयमा आफ्नो नाम लेखाई क्रमैसँग सोध्न अनुरोध गरिन्छ । यस्ता प्रश्नहरूको प्रतिउत्तर अध्यक्ष वा निजले तोकिदिएको आधिकारिक व्यक्तिबाट दिइने जानकारी गराईन्छ ।

४. सदस्यहरू सभा सञ्चालन हुनुभन्दा दश मिनेट पहिले सभा हलभित्र प्रवेश गरी सभाको अन्त्य नभएसम्म धैर्यतापूर्वक सहभागी भइदिन विशेष अनुरोध गरिन्छ ।

५. सहकारी सिद्धान्त, मूल्य मान्यता तथा आदर्श र संस्थाको विनियम पालना गर्नु सम्पूर्ण सदस्यहरूको नैतिक कर्तव्य हुनेछ ।

६. सभालाई मर्यादित एवं व्यवस्थित बनाउन, सौहार्दतापूर्ण वातावरणमा सभा सञ्चालन गर्न सम्पूर्ण सदस्यहरूले बैठकको न्यूनतम नियमहरूलाई पालना गर्नुपर्नेछ ।

७. साधारण सभामा आमन्त्रित अतिथिहरूलाई स्वागत सत्कार गर्नु तथा वहाँहरूलाई पर्ने समस्याहरूमा सहयोग गर्नु सबै सदस्यहरूको कर्तव्य हुनेछ ।

८. साधारण सभामा विशेष प्रस्ताव राख्नु पर्ने भएमा साधारण सभाको मिति भन्दा एक हप्ता अगाडी नै संचालक समितिमा उक्त विशेष प्रस्ताव पेश गर्नुपर्नेछ ।

९. साधारण सभामा एक पटक छलफल गरी पास भई सकेपछि पुनः सोही विषयमा प्रश्न नगरिदिनुहोला ।

१०. माथि उल्लेखित विषयभन्दा बाहेक अन्य जानकारी चाहिएमा संस्थाको कार्यालयबाट चाहिए बमोजिमको जानकारी प्राप्त गर्न सकिनेछ ।

११. हलभित्र मोबाइल फोन स्वीच अफ वा साइलेन्स मोडमा राखिदिनुहोला ।

धन्यवाद !

# बिषयसूची


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | सञ्चालक समितिको वार्षिक प्रतिवेदन | १ |
| २. | आ. व. २०७५/०७६ को अनुमानित बजेट तथा कार्यक्रम | ४ |
| ३. | लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन | १८ |
| ४. | लेखा परिक्षकको प्रतिवेदन | २१ |
| ५. | २०७६ आषाढ मसान्त सम्मको वासलात | २२ |
| ६. | आ.व. २०७५/०७६ को आय विवरण | २३ |
| ७. | नगद प्रवाह विवरण | २४ |
| ८. | इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण | २५ |
| ९. | नाफा बाँडफाँड हिसाव | २६ |
| १०. | अनूसूचीहरू (१ देखि १५ सम्म) | २७ |
| ११. | लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरू (अनुसूची-१६) | ३५ |
| १२. | पर्ल्स विश्लेषण | ३९ |
| १३. | सुझाव | ४० |

# विगत तीन वर्षको आर्थिक गतिविधि झलक


















# १८ औं वार्षिक साधारण सभा २०७६

## सञ्चालक समितिको तर्फबाट अध्यक्ष तुलसीप्रसाद गुरुङ्गद्वारा प्रस्तुत आ. व. २०७५/०७६ को संक्षिप्त वार्षिक प्रतिवेदन

पोखरा रोयल सहकारी संस्थाको यो गरिमामय १८औं वार्षिक साधारण सभाका प्रमुख अतिथि ज्यू, आमन्त्रित विशिष्ठ अतिथिज्यूहरु, यस संस्थाका सल्लाहकार महानुभावहरु, सञ्चालक समितिका पदाधिकारी तथा सदस्य साथीहरु, लेखा समितिका संयोजक तथा सदस्य साथीहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्य साथीहरु, शेयर सदस्य महानुभावहरु, लेखा परिक्षक ज्यू, पत्रकार मित्रहरु, सम्मानित एवं पुरस्कृत हुनुहुने व्यक्तित्वहरु साथै उपस्थित सम्पूर्ण कर्मचारी परिवार ।

सर्वप्रथम संस्थाको १८औं वार्षिक साधारण सभामा मेरो व्यक्तिगत र सञ्चालक समितिको तर्फबाट यहाँहरु सम्पूर्णमा हार्दिक स्वागत एवं सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

वि.सं. २०५५ सालमा भीम बहादुर गुरुङ्ग लगायतका जुझारु युवाहरुले काठमाडौमा स्थापना गरेको रोयल बचत तथा ऋण सहकारी संस्था लि.२०५८ साल पश्चात सरकारको नीति बमोजिम आफ्ना शाखा कार्यालयहरुलाई स्वायत्त गर्दै स्थानीय सहकारीको रुपमा सञ्चालित गर्ने अभियान बमोजिम २०५९ साल जेठ ८ गते पोखरा शाखालाई पोखरा रोयल सहकारी संस्था लि.को नामबाट नयाँ संस्थाको रुपमा दर्ता भएको कार्यलाई हामीले एउटा गर्विलो इतिहासको रुपमा ग्रहण गरेका छौं । यसैको जगमा उभिएर आज हामी सदस्य सहभागिता, वित्तीय कारोबार, सेवाकेन्द्र सञ्जाल, आयकर योगदान, मुनाफा आर्जन, रोजगारी प्रवर्द्धन, अभियानमा नेतृत्व र समुदायिक गतिविधीमा संलग्नताको आधारमा गण्डकी प्रदेशकै अग्रणी सहकारीको रुपमा स्थापित भएका छौ र हाम्रो सहकारीलाई नेफस्कुनले यस वर्षको गण्डकी प्रदेशको उत्कृष्ट संस्थाबाट पुरस्कृत गर्ने घोषणा गरेको खुशी समेत यहाँहरु समक्ष राख्दै नेफस्कुनलाई हार्दिक आभार एवं धन्यवाद प्रकट गर्दछु ।

संस्था सञ्चालनको १८ वर्षसम्म आईपुग्दा ५३०३ सदस्य मार्फत शेयर पूँजी १८ करोड ५८ लाख ५४ हजार ३०० पुगेको छ । त्यसरी नै बचत निक्षेप १ अर्ब २१ करोड ३९ लाख ४२ हजार ७८४ र कर्जा लगानीतर्फ १ अर्ब २४ करोड ७६ लाख ३४ हजार ६५४ गरि कूल सम्पत्ति (वासलात) तर्फ १ अर्ब ७० करोड ९७ लाख २२ हजार ७८६ पुगेको छ । उपरोक्त कारोबार बाट यस वर्ष रु.६ करोड ५५ लाख १४ हजार ९५८ रुपैंया सञ्चालन वचत (नाफा) गर्न सफल भएको यो सम्मानित सभामा जानकारी गराउन चाहान्छु। प्राप्त मुनाफालाई सहकारी ऐन २०७४ को दफा ६८ बमोजिम जगेडाकोष, दफा ६९ बमोजिम संरक्षित पुँजि फिर्ता कोष, दफा ७० बमोजिम सहकारी प्रवर्द्धन कोषमा व्यवस्था गरि बाँकी रहेको रकमलाई सतप्रतिशत मानि सहकारी नियमावली २०७५ को दफा २७ बमोजिम तोकिएको कोषमा रकम विभाजन गरिएको छ भने सहकारी ऐन २०७४ को दफा ६९ बमोजिम विनियोजित रकम सहकारी नियमावली २०७५ को दफा २५ बमोजिम कारोवारको आधारमा वितरण गर्ने गरि कार्यविधि बनाई लागु गरिएको सहर्ष जानकारी गर्न चाहन्छु ।

## आदरणीय सदस्य मित्रहरु,

संस्थाले आर्जन गरेको वित्तीय प्रगति संगसंगै सदस्यहरुलाई प्रदान गर्ने विविध सेवा सुविधालाई अझ प्रतिस्पर्धी, गुणस्तरीय र उच्चस्तरीय बनाउन नेपाल स्टाण्डर्डको पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (**प्रोबेशन**) को सहभागितालाई निरन्तरता दिएका छौ, कारोबारलाई प्रविधीमैत्री बनाउन प्रधान कार्यालय र तनहूँको दुलेगौंडा सेवाकेन्द्रबाट एटिएम सेवाको शुभारम्भ गरेका छौं भने मोबाईल बैकिङ्ग र मोबाईल एप्सको प्रयोगलाई सबै सदस्यको पहुँच सम्म पुऱ्याउने काम द्रुत गतिमा भईरहेको छ । यसैगरी सदस्यहरुलाई लक्षित गरि नियमित सदस्य शिक्षा र आयमूलक तालिम, कर्मचारीहरुलाई समयानूकूल प्रतिस्पर्धी, सक्षम र कामयाबी बनाउन प्रविधिमैत्री र विषयगत तालिम, गोष्ठी र सेमीनारमा सहभागिता गराएका छौं । त्यसरी नै सामाजिक सुरक्षा र सामुदायिक गतिविधीको नियमित कार्यहरु सुत्केरी खर्च, स्वास्थ्य परिक्षण, ज्येष्ठ सदस्य सम्मान र पेन्सन वितरण, सदस्य राहत कार्यक्रम मार्फत विविध सहयोग र सहकारी अयिभानमा सहकार्य गर्ने क्षेत्रमा समेत आफ्नो दरिलो उपस्थिति जनाउँदै आएका छौं ।

सहकारी एउटा मौलिक आर्थिक तथा सामाजिक अभियान हो । यसले व्यक्तिहरुलाई स्वैच्छिक रुपमा गोलबन्द गराउने, ससक्तिकरण गर्दै व्यावसायिक बनाउने र समुदाय केन्द्रित कृयाकलापहरु सञ्चालन गर्दै न्यायपूर्ण समाज निर्माणमा अहम भूमिका खेल्ने काम गर्दछ । हामीले पनि यहि विधिबाट सदस्यहरुको हितका लागि विविध गतिविधी सञ्चालन गर्दै हाम्रो र राम्रो सहकारीको पहिचान बनाउन सफल भएका छौं । नेपाल सरकारले लिएको नीति र निर्देशन बमोजिम अन्य सहकारीहरुलाई एकिकरण गर्दै ठूलो र बलियो सहकारी बनाउने अभियानमा गत वर्षको साधारण सभाको निर्णय बमोजिम पोखरा महानगरपालिका ३० मा रहेको शिशुवा महिला बचत तथा ऋण सहकारी संस्थासंग सहकार्य गर्दै आजकै मितिमा एकिकरण घोषणाको ऐतिहासिक संघारमा छौं, यो अभियानमा सहयोग गर्ने प्रदेश सरकार, पोखरा महानगरपालिका र एकिकरण कार्यदलका सम्पूर्ण सदस्यहरुमा हार्दिक आभार व्यक्त गर्दछौं । यो वर्ष हामीले सदस्यहरुको माग र वित्तीय बजारको अवस्थालाई मध्यनजर गर्दै स्थानीय सरकारको पूर्व स्वीकृति लिई महेन्द्रपुल सेवाकेन्द्रलाई स्थानान्तरण गरि तनहुँ जिल्लाको दुलेगौंडामा सेवाकेन्द्र सञ्चालन गरेका छौं भने एकिकरण पश्चात शिशुवाको मोहरियामा थप सदस्य सेवाकेन्द्र स्थापना हुने सहर्ष जानकारी गराउन चाहन्छु ।

**सदस्य मित्रहरु,** यस अवधि सम्म आईपुग्दा नीतिगत सर्वोच्चतालाई अंगीकार गर्दै १० वटा नीति, १९ वटा कार्यविधीहरु र ६ वटा निर्देशिका निर्माण, संशोधन र कार्यान्वयन गर्दै आएका छौं । सदस्यहरुलाई व्यवसायमा प्रोत्साहन गर्ने नीति बमोजिम संस्थामा आवद्ध ९९ जना महिला सदस्यहरुको लगानीमा स्थापित रोयल दिदीबहिनी किचनले सामुहिक हित र सहकार्यको भावनालाई थप मजवुद बनाएको हामीले पाएका छौं, यसै गरि सदस्यहरुलाई सामाजिक गतिविधीमा थप क्रियाशील बनाई सहज ढंगबाट सदस्य राहत कार्यक्रम सञ्चालन गर्न संस्थाकै पहलमा रोयल फाउन्डेसनको स्थापना गरिएको छ, सम्पूर्ण सदस्यहरुलाई यो अयिभानमा समेत आवद्ध हुन र इच्छुक सदस्य समुहहरुलाई रोयलको ब्राण्डभित्र आफ्ना व्यावसायिक गतिविधी सञ्चालन गर्न समेत हार्दिक आव्हान गर्दछु ।

## सदस्य मित्रहरू,

हामी दीगो र भरपर्दो सहकारी बनाउने अभियानमा छौं । सरकारले जारी गरेको सहकारी ऐन तथा नियमावली, आयकर ऐन र प्रोवेसन ब्राण्डको मापदण्डहरु पालना गरिएको छ। त्यसै गरि नेपाल सरकार सहकारी विभागले सहकारी संघ सस्थाहरुलाई जारी गरिएको सम्पत्ती शुद्धिकरण निवारण निर्देशिका २०७४ बमोजिम तोकिएको सदस्य पहिचान फारम (KYM) अध्यावधिक, कोपोमिसको अध्यावधिक, कार्यान्वयन अधिकारीको नियुक्ती, जोखिम व्यवस्थापन र सम्बन्धित निकायमा पठाउनु पर्ने TTR/STR प्रतिवेदनहरु नियमित रुपमा पठाई संस्थालाई पुर्ण सुशासनमा सञ्चालन गरिएको समेत जानकारी गर्दछु। पर्ल्सको मूख्य सूचकहरु लेखा परिक्षकको प्रतिवेदनमा समावेस गरिएको छं। विश्लेषण गरिएका सूचकहरु मध्ये ८३.३३ प्रतिशत सूचकमा सफलता हासिल भएको छ। खासगरि P1,P2 र P2x मा शतप्रतिशतको व्यवस्था गरिएको छ। त्यसै गरि E9 मा ५.४९ प्रतिशत, A1 मा ७.०३ प्रतिशत र S11 मा १८.३३ प्रतिशत रहेको छ। आगामी वर्ष E9 मा वृद्धि गरिनेछ भने A1 मा ५ प्रतिशतभन्दा कम गर्ने लक्ष्य लिइएको छ। यसको लागि सम्पूर्ण सदस्यज्यूरुको साथ र सहयोगको अपेक्षा गर्दछु।

बचत हाम्रो भविश्यको आधार हो। सुन्दर र समृद्ध भविश्यको यात्राको लागि बचत गर्ने बानी बसाल्नु पर्दछ। विगत २ दशकदेखि हामीले समुदायमा यहि अभियान चलाउदै आयौं। त्यो अयिभानको सारथी थियो सहकारी। यहि सहकारीको माध्यमबाट हामीले थोरै थोरै बचतको अभियान थालनी गर्‍यौं र आज हामीसंग अरबौंको बचत छ, यहि हाम्रो सफलता हो। यो अभियान अहिले नगरबाट गाँउसम्म पुगेको छ। आगामी वर्ष सदस्य वृद्धि, सेवाकेन्द्र विस्तार, प्रविधीमैत्री सेवा, प्रोवेसन ब्राण्डको परिक्षण, संस्था एकिकरण र सामाजिक गतिविधीमा समेत थप कृयाकलापहरु सञ्चालन गरि लगानीको प्रतिफलमा समेत वृद्धि गरिनेछ।

अन्तमा, यो कार्यक्रममा आफ्नो अमूल्य मन्तव्य मार्फत हामीलाई मार्गनिर्देशन दिनुहुने प्रमुख अतिथि र यस अवधिमा हामीलाई मार्गनिर्देश गर्ने विभिन्न नियामक निकाय, सहकारी संघ संस्था र अन्य सहयोगी संस्थाहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु। त्यसरी नै हाम्रो योजना, लक्ष्य र गतिविधीमा साथ र सहयोग प्रदान गर्ने सञ्चालक तथा लेखा समितिका मित्रहरु, सल्लाहकार महानुभावहरु, सदस्य मित्रहरु र प्रिय कर्मचारी परिवारमा हृदयदेखि नै आभार एवं धन्यवाद दिन चाहान्छु।

**धन्यवाद। जय पोखरा रोयल सहकारी॥**

मे. तुलसीप्रसाद गुरूङ्ग
अध्यक्ष
२०७६ कार्तिक २३ गते, पोखरा।

# १८औं वार्षिक साधारण सभा २०७६

## सञ्चालक समितिको तर्फबाट सचिव श्री भीमबहादुर गुरुङ्गद्वारा प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम र बजेट

यस सभाका सभाध्यक्ष ज्यू ।

सञ्चालक समितिका पदाधिकारी तथा सदस्य साथीहरु, लेखा समितिका संयोजक तथा सदस्य साथीहरु, सल्लाहकार महानुभावहरु, शेयर सदस्य ज्यूहरु र कर्मचारी साथीहरु । यस संस्थाको १८औं वार्षिक साधारण सभामा हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्न चाहान्छु ।

आज हामी पोखरा रोयल साकोसको महत्वपूर्ण वार्षिक साधारण सभामा छौं । वर्षभरि भए गरेका गतिविधीहरुको समीक्षा गर्दै आउने वर्षलाई अझ फलदायी र सदस्य केन्द्रित बनाउने उद्धेश्यका साथ वार्षिक नीति तथा कार्यक्रम र बजेट यो सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सदस्य मित्रहरु,

“सुशासनयुक्त, समुदायमा आधारित र सहकारी अभियानमा नेतृत्व लिन सक्षम नेपालको उत्कृष्ट सहकारी संस्था” हाम्रो दीर्घकालिन परिकल्पना हो । यो परिकल्पनालाई साकार बनाउन हामी आफ्नो रणनीतिक योजनाका साथ अगाडि बढिरहेका छौं । पोखरा रोयल साकोसलाई आगामी ३ वर्ष भित्र नेपालको उत्कृष्ठ १० सहकारीभित्र स्थापित गर्ने हाम्रो ध्येय छ । यसका लागि हामीले बचत तथा ऋण सहकारीको अर्न्तराष्ट्रिय मूल्य, मान्यता र आदर्शलाई मार्गनिर्देशक सिद्धान्तको रुपमा अंगीकार गर्दै सहकारी विभाग र नेफ्स्कूनद्धारा सञ्चालित गुणस्तरीय सुनिश्चितताको नेपाल ब्राण्डमा सहभागी भएका छौं । हामीले हाम्रा नीति, विधी र प्रविधीलाई समय सापेक्ष परिमार्जन गर्दै आएका छौं । चालु आर्थिक वर्षलाई हामीले ऋण सुधार वर्ष र नीति निर्माण वर्षका रुपमा लियौं । संस्थाबाट लगानी भएका ऋणहरुलाई व्यवस्थित र सुरक्षित बनाउदै भाखा नाघेका ऋणलाई व्यवस्थापन गर्न सफल भएका छौं भने ३५ वटा नीति तथा कार्यविधीको संसोधन गरि लागु गरेका छौं । हामीले आफ्ना सेवालाई प्रविधिमैत्री बनाउने अभियान अर्न्तगत प्रधान कार्यालय र दुलेगौंडा सेवाकेन्द्रबाट अत्याधुनिक वित्तीय सेवा एटिएम मेशिन मार्फत सरल भुक्तानी व्यवस्थाको प्रारम्भ गरेका छौं । यसरी नै बैकिङ्ग पहुँच बाहिर रहेका व्यक्तिहरुलाई सहकारी अभियान मार्फत शेयर सदस्य बनाई उनीहरुको निस्कृय पूँजीलाई वित्तीय बजारमा क्रियाशील बनाउन ३४ जना कर्मचारी मार्फत ५३०३ जना सदस्यहरुलाई प्रत्यक्ष सेवा प्रदान गरिरहेका छौं ।

**आदरणीय सदस्य मित्रहरु,**

अब म यस आर्थिक वर्षमा भएका वित्तीय तथा सामाजिक गतिविधीहरुको संक्षिप्त प्रगति प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

### १, प्रमुख वित्तीय गतिविधी :

आर्थिक वर्ष २०७५/०७६ मा वित्तीय बजारमा मिश्रित नतिजा आएको महसुस गरेका छौं । नेपाल सरकारले लागु गरेको सन्दर्भ ब्याजदर, संरक्षित पूँजी फिर्ता कोष, विभिन्न कोषहरुको अनिवार्य व्यवस्था जस्ता नीति, बचत निक्षेप र ऋणको ब्याजमा आएको अस्वाभाविक उतार चढाबले वित्तीय क्षेत्रको कारोबार लामो समय सम्म असन्तुलित अवस्थामा गुज्रन बाध्य भयो, तथापि सदस्यहरुको निरन्तर साथ र हाम्रा व्यवस्थापकीय कुशलताका कारण हामीले आफ्नो वृद्धि अभियानलाई कायम राख्न सफल भएका छौं ।

**यस वर्षको प्रमुख वित्तीय झलकहरु यसप्रकार रहेका छन् ।**

| शीर्षक | आ.व.२०७४/२०७५ | आ.व. २०७५/०७६ | वृद्धि प्रतिशत |
|---|---|---|---|
| शेयर पुँजी | १७,४२,३८,५००। | १८,५८,५४,३००। | ६.६६ |
| बचत/निक्षेप | १,००,९५,१६,७१२। | १,२१,३९,४२,७८४।८० | २०.२४ |
| ऋण लगानी | १,०८,५९,०६,४८८। | १,२४,७६,३४,६५४।४९ | १४.८९ |
| साधारण जगेडा कोष | ७,८७,९०,६८९। | ९,३७,९४,९४१।७३ | १९.०४ |
| अन्य कोषहरु | ३,१८,२०,०३२। | ४,१६,०२,५८८।५० | ३०.७४ |
| आयकर व्यवस्था | १,१२,८६,७६७ | ७१,३७,२१४।३३ | (३६.७६) |
| सञ्चालन बचत (मुनाफा) | ५,८०,६८,६२४। | ६,५५,१४,९५८।७२ | १२.८२ |
| कुल बासलात | १,४४,४८,०९,६८०। | १,७०,९७,२२,७८६।८० | १८.३३ |

उपरोक्त बमोजिमको वित्तीय कारोबारबाट कूल आम्दानी २३ करोड ०९ लाख ७ हजार २८०।९१ र खर्च १६ करोड ५३ लाख ९२ हजार ३२२।१९ गरि यस वर्ष संस्थाले रु. ६ करोड ५५ लाख १४ हजार ९५८।७२ सञ्चालन मुनाफा आर्जन गर्न सफल भएको छ । यस वर्ष आयकर दरमा ५० प्रतिशत छुट प्राप्त भएकोले ७१ लाख ३७ हजार २१४।३३ मात्र आयकर दाखिला गरिएको छ । यस वर्ष संस्थाबाट लगानी गरिएका सबै ऋणको लागि असल, शंकास्पद र खराब ऋण बर्गीकरण गरि सोहि बमोजिम ऋण नोक्सानी कोषको शत प्रतिशत व्यवस्था गरिएको छ भने यस वर्षको बचत तथा ऋण तर्फको फरकता दर (स्प्रेड दर) जम्मा ४ दशमलव ७९ प्रतिशत रहन गएको समेत जानकारी गराउन चाहान्छु ।

**२. सम्मान तथा पुरस्कार सम्वन्धी विवरण :**

यस वर्ष संस्थाले नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्स्कून) द्वारा प्रदान गरिने प्रदेश स्तरको उत्कृष्ठ सहकारी पुरस्कार प्राप्त गर्न सफल भएको छ । त्यसैगरी संस्थाका सचिव भीमबहादुर गुरुङले सहकारी क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरुप संगम साकोसबाट संगम योग केसी सहकारी पुरस्कार, आस्था साकोसबाट स्थापित आस्था सहकारी अवार्ड समेत प्राप्त गर्न सफल भएको छ भने संस्थाका मूख्य प्रवन्धक मीलन ढकाल कास्की बचत तथा ऋण सहकारी संघले प्रदान गरेको राईफाईसन उत्कृष्ठ सहकारी व्यवस्थापकको पुरस्कारबाट सम्मानित हुनुभएको छ । संस्थाको वार्षिक नीति तथा कार्यक्रम बमोजिम यस वर्ष संस्थाका निम्न सदस्य, कर्मचारी एवं अन्य श्रष्ठाहरुलाई विविध विषयमा सम्मान एवं पुरस्कृत गरिएको छ । पुरस्कृत सदस्यहरुको नामावली निम्नानुसार रहेका छन् ।

| क्रं.सं. | शीर्षक/विधा | पुरस्कृत /सम्मानित व्यक्तित्व | कैफियत |
|---|---|---|---|
| १ | वर्षको उत्कृष्ठ सदस्य | श्री ववरजंग गुरुङ्ग पोखरा १३ कास्की<br>श्री विश्व रत्न शाक्य पोखरा ९ कास्की | जनही नगद रु, ५,०००। दोसल्ला र सम्मान पत्र |
| २ | वर्षको उत्कृष्ठ कर्मचारी | श्री ज्योती गुरुङ्ग सुपरिवेक्षक पाँचौ | नगद रु.१५,०००। सम्मानपत्र र १ ग्रेड थप । |
| ३ | विशेष सदस्य सम्मान | डा. गिरीधारी शर्मा पौडेल गण्डकी प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा नियुक्त<br>श्री पुर्णकला घर्ती संस्थाद्धारा सञ्चालित प्रौढ कक्षा लिई एस.ई.ई.परीक्षामा उत्तीर्ण | दोसल्ला र सम्मानपत्र |
| ४ | ज्येष्ठ सदस्य सम्मान<br>७० वर्ष उमेर पुगे का सदस्यहरु | कोषबहादुर गुरुङ्ग,पुर्ण कुमारी गुरुङ्ग, हनिफ मियाँ, भुपाल बहादुर गुरुङ्ग,मैना कुमारी गुरुङ्ग, बुद्धी कुमारी गुरुङ्ग, डिल बहादुर गुरुङ्ग, हर्कध्वोज गुरुङ्ग, दिर्घ बहादुर गुरुङ्ग, टीकादेवी ढकाल, जय बहादुर गुरुङ्ग, दल बहादुर गुरुङ्ग, डम्मर बहादुर गुरुङ्ग, विर्ता सिंह गुरुङ्ग, मनबहादुर गुरुङ्ग, चन्द्र बहादुर गुरुङ्ग, रन बहादुर गुरुङ्ग, हरी कुमारी गुरुङ्ग, उदिम बहादुर गुरुङ्ग आदि । | दोसल्ला र माला |
| ५ | प्रतिभा पुरस्कार | श्री श्रङ्गार भट्टराई पोखरा २६ कास्की | नगद रु.११,०००। र प्रमाणपत्र |

## ३, सदस्य सेवा तथा सामुदायिक गतिविधी

संस्थाका सदस्यहरु मध्ये ७५ वर्ष उमेर पुगेका सदस्यहरुको सम्मानार्थ निम्न सदस्यहरुलाई वार्षिक ५,०००। का दरले पेन्सन वितरण गरियो । यसरी पेन्सन पाउने सदस्यहरुमा टिकप्रसाद गुरुङ्ग, बिलबहादुर गुरुङ्ग, डा.एलियम्मा जोन, भेषराज ढकाल, जयबहादुर श्रेष्ठ, नरबहादुर गुरुङ्ग, भगवती ढकाल, कृष्णबहादुर गुरुङ्ग, ववरसिंह गुरुङ्ग, चमानबहादुर श्रेष्ठ, इन्द्रबहादुर गुरुङ्ग, वेलकुमारी गुरुङ्ग र निलप्रसाद गुरुङ्ग रहनुभएको थियो । यसै बीच यो वर्ष निरक्षर महिलाहरुलाई लक्षित गरि पोखरा महानगरपालिका वडा नं.१५ को स्थानीय व्यवस्थापनमा ३ महिने प्रौढ साक्षरता कक्षा सञ्चालन गरि ३० जना महिलाहरुलाई साक्षर बनाउन सफल भएको छ ।

यसै गरि संस्थाको १८औं वार्षिकोत्सवको अवसर पारी निशुल्क स्वास्थ्य शिबिर, रक्तदान कार्यक्रम र सहकारी जागरण कार्यक्रम सञ्चालन गरिएको थियो। यो कार्यक्रममा १०२ जनाले रक्तदान गरेको र २५० जनाले मधुमेह सम्वन्धी अनुशिक्षण कार्यक्रममा सहभागी भएका थिए। त्यसरी नै संस्थाको वीर्षिकोत्सवको अवसरमा सामाजिक उत्तरदायित्व अर्न्तगत पोखरा महानगरपालिका वडा नं.१० मा अवस्थित कुँडहर प्रा.वि. र रामबजारमा अवस्थित कालिका उच्च मा.वि.मा अध्ययनरत विद्यार्थीहरुको खाजा अभियानमा सहयोग स्वरुप प्रति विद्यालय रु.२५ हजारका दरमा आर्थिक सहयोग गरिएको थियो । यसरी नै संस्थाको दुलेगौडा सेवाकेन्द्र स्थापनाको अवसरमा १०१ जनाले निशुल्क स्वास्थ्य जाँच र ३०५ सदस्यहरुले डेंगु रोग सम्वन्धी प्रशिक्षण कार्यमा सहभागी भएका थिए ।

सदस्य राहत कार्यक्रम अर्न्तगत संस्थाका सदस्यहरु टिकप्रसाद गुरुड, चन्दन गिरी र अस्गर मियाको असामयिक निधनमा मृत आत्माको चीर शान्तिको कामना गर्दै नियमानुसार मृत्यू राहत र वीमा राहत प्रदान गरिएको छ । शिशु स्याहार अर्न्तगत ५ जना सदस्यलाई प्रति सदस्य रु ३,०००। का दरले शिशुस्याहार बापत रकम प्रदान गरिएको थियो भने संस्थाको सदस्य गंगादेवी पौडेलको घर आगलागी भएकोले दैवी प्रकोप राहत स्वरुप रु ५,०००/ आर्थिक सहयोग गरिएको थियो ।

## ४, क्षमता अभिवृद्धि तथा तालिम कार्यक्रम

यस वर्ष हामीले सदस्य, कर्मचारी एवं समिति लक्षित विविध कार्यक्रमहरु सम्पन्न गर्‍यौं । जस अर्न्तगत सदस्य तथा कर्मचारीहरुको लागि विषयगत तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमहरु सञ्चालन गर्ने तथा अन्य संघ संस्थाले आयोजना गरेका कार्यक्रमहरुमा सहभागिता गराई उनीहरुको क्षमता अभिवृद्धि गर्ने काम सम्पन्न गरेका छौं । यस वर्ष सम्पन्न भएका र सहभागीता जनाएका तालिम तथा गोष्ठीका कार्यक्रमहरु निम्न बमोजिम रहेका छन् ।

| क्र.सं. | तालिमको नाम र स्थान | सहभागीको नामावली | आयोजक/कैफियत |
|---|---|---|---|
| १ | बंगलादेश सहकारी भ्रमण | भीम बहादुर गुरुङ सचिव | नेफस्कुनको व्यवस्थापन |
| २ | अकु फोरम फिलिपिन्स | मीलन ढकाल मुख्य प्रवन्धक | नेफस्कुन र अकु |
| ३ | अकु फोरम फिलिपिन्स | भीम बहादुर गुरुङ सचिव | नेफस्कुनको व्यवस्थापन |
| ४ | व्यवस्थापकहरुको राष्ट्रिय गोष्ठी | मीलन ढकाल मुख्य प्रवन्धक | नेफस्कुन |
| ५ | सदस्य शिक्षा तालिम/सहकारी जागरण कार्यक्रम | १३७५ जना शेयर सदस्यहरु | पोखरा रोयल सहकारी |
| ६ | प्रौढ साक्षरता कक्षा | ३० जना स्थानीय महिलाहरु | पोखरा रोयल सहकारी |
| ७ | बेमौसमी तरकारी सम्बन्धी तालिम | ६ वटा लघुवित्त केन्द्रका सदस्यहरु | पोखरा रोयल सहकारी |
| ८ | अचार बनाउने तालिम | संस्थाका ३१ जना महिला सदस्यहरु | घरेलु कार्यालय कास्की |
| ९ | गण्डकी प्रदेश स्तरीय सहकारी युवा गोष्ठी | परमेश्वर दाहाल, लिलाधर पौडेल र मीरज ढकाल | नेफस्कुन |
| १० | संरक्षित पुँजी फिर्ताकोष प्रशिक्षण | साधारण सभाका सबै सहभागी सदस्यहरु | पोखरा रोयल सहकारी |
| ११ | मानव स्वास्थ्य सम्वन्धी प्रशिक्षण | साधारण सभाका सबै सहभागी सदस्यहरु | पोखरा रोयल सहकारी |

| | | | |
|---|---|---|---|
| १२ | ऋण अधिकृतहरुको क्षमता अभिवृद्धि तालिम (सियु एलसिसी) | मीलन ढकाल, परमेश्वर दाहाल, देवी गुरुङ, ज्योती गुरुङ र सन्तोष पौडेल | नेफस्कुन |
| १३ | भाखा नाघेको ऋण व्यवस्थापन | उमनाथ आचार्य, अभिषेक गुरुङ, डिलकुमारी गुरुङ, विजया श्रेष्ठ, टंकबहादुर गुरुङ, सन्तोष पौडेल र झलक प्रसाद तिवारी | नेफस्कुन |
| १४ | कोपोमिस डाटा व्यवस्थापन | देवी गुरुङ, प्रसन्न घिमिरे र अनिसा गुरुङ | सिएमसि कास्की |
| १५ | सहकारी व्यवस्थापन तालिम | अनिसा गुरुङ | पोखरा महानगरपालिका |
| १६ | व्यवस्थापकहरुको क्षमता अभिवृद्धि | उमनाथ आचार्य | भिजन संचार नेपाल |
| १७ | सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम | बालाकृष्ण पौडेल, केशवप्रसाद ढकाल | सिएमसि कास्की |
| १८ | प्रोडक्ट डिजाईन तालिम | लिलाधर पौडेल | नेफस्कुन |
| १९ | लेखा समितिको क्षमता अभिवृद्धि तालिम | हर्कबहादुर गुरुङ, केदारनाथ पोखरेल, बालाकृष्ण पौडेल | नेफस्कुन |
| २० | सफलताको योजना तालिम | परमेश्वर दाहाल | सिएमसि कास्की |
| २१ | सहकारीमा सुशासन सम्वन्धी तालिम | सञ्चालक समिति, लेखा समिति र कर्मचारीहरु | पोखरा रोयल सहकारी |
| २२ | सफलताको रहस्य सम्वन्धी तालिम | कर्मचारीहरु | पोखरा रोयल सहकारी |
| २३ | सदस्य केन्द्रियता तालिम | समिति, उपसमिति, सल्लाहकार र कर्मचारीहरु | पोखरा रोयल सहकारी |
| २४ | सहकारी युवा गोष्ठी | मीरज ढकाल | मलेशिया, आईसिए |
| २५ | पर्ल्स तथा प्रोवेसन अभिमुखीकरण | सञ्चालक, लेखा र कर्मचारीहरु | पोखरा रोयल सहकारी |
| २६ | सहकारीमा कर व्यवस्थापन | विनय गुरुङ र देवी गुरुङ | सिएमसि कास्की |
| २७ | सहकारी कानुन बारे अभिमुखीकरण | समिति, उपसमिति, सल्लाहकार र कर्मचारीहरु | पोखरा रोयल सहकारी |
| २८ | बजार प्रतिनिधीको क्षमता अभिवृद्धि | श्रीधर आचार्य, ज्ञानु महत, सुरक्षा पौडेल र अनिशा गुरुङ | सिएमसि कास्की |
| २९ | सहकारी व्यवस्थापन तालिम | बिजय गुरुङ | जिल्ला सहकारी संघ लि. |
| ३० | सफल सहकारी अध्ययन भ्रमण | मीलन ढकाल र परमेश्वर दाहाल | सिएमसि कास्की |
| ३२ | द पावर अफ थ्री | सम्पुर्ण कर्मचारीहरु | पोखरा रोयल सहकारी |
| ३२ | पर्ल्स विश्लेषण तालिम | सरस्वती भुजेल र बिजय गुरुङ | नेफस्कुन |

**५, मानव संसाधन, कार्यालय व्यवस्थापन र मर्मत**

मानव संसाधन व्यवस्थापन अर्न्तगत यस वर्ष ३ जना नयाँ कर्मचारीहरु नियुक्ती गरिएको छ भने २ जना कर्मचारीको राजिनामा स्वीकृती भएको छ । त्यसैगरी विभिन्न पदमा कार्यरत २ जना कर्मचारीको पदोन्नती गरिएको छ । प्रधान कार्यालयलाई सदस्यहरुको माग र सल्लाह बमोजिम पुनसंरचना तथा मर्मत गरिएको छ भने तालिम हल, पुस्तकालय

एवं प्रदर्शनी कक्षलाई सदस्यहरुको सुझाव अनुसार थप व्यवस्थित गरि निर्माण गरिएको छ। यसैगरि प्रधान कार्यालयको पश्चिम तर्फको सडक, भित्ता तथा परिसरको मर्मत गरिएको छ। संस्थाको गतिविधीलाई थप प्रभावकारी बनाउन शिक्षा उपसमिति, ऋण लगानी तथा असुली उपसमिति, महिला उपसमिति, प्रोवेसन कार्यदल, उच्च व्यवस्थापन कार्यदल, स्वास्थ्य तथा वातावरण उपसमिति, दुलेगौडा सेवाकेन्द्र व्यवस्थापन उपसमिति, लेखनाथ सेवाकेन्द व्यवस्थापन उपसमिति, युवा परिचालन जस्ता उपसमितिहरु निर्माण गरि कार्य विभाजन गरिएको छ।

बहुसंख्यक सदस्यहरुको माग र वित्तीय बजारको अवस्थालाई मध्यनजर गर्दै महेन्द्रपुल सेवाकेन्द्रलाई स्थानन्तरण गरि तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिकाको दुलेगौंडामा सेवाकेन्द्र स्थापना गरिएको छ। यहि २०७६ असोज ११ गते शुभारम्भ गरिएको सेवाकेन्द्रमा शुभारम्भको अवसरमा नै ७६४ जना स्थानीयहरुले संस्थाको सदस्यता लिएका छन्। यसबाट त्यस क्षेत्रमा संस्थाको सेवा लिन सदस्यहरु आतुर छन् भन्ने प्रमाणित भएको छ। उक्त सेवाकेन्द्रबाट आधुनिक वित्तीय सेवा, एटिएम मेसिन सहितको सेवा साथै सहकारी लघुवित्त सेवा समेत सञ्चालन गरिएको जानकारी गर्दछु।

**६, अध्ययन अवलोकनको रोजाईमा रोयल सहकारी**

मुलुकभर रहेका विभिन्न सहकारी संघ संस्थाले गरेका सफल उदाहरणहरु अवलोकन गर्ने क्रममा पोखरा रोयल सहकारी यो क्षेत्रको पहिलो रोजाईको सहकारी बन्न सफल भएको छ। स्वायत्त संस्थाको अनुभव, आधुनिक कार्यालय व्यवस्थापन र नयाँ प्रविधीको प्रयोग, सेवाकेन्द्र सञ्चालन, प्रौढ शिक्षाको अभियान, सदस्य राहत कोषको सञ्चालन, सहकारी पुरस्कार,मोबाईल बैकिङ्ग र सहकारी प्रदर्शनी केन्द्र अध्ययन भ्रमणको आकर्षणको रुपमा रहेको हामीले पाएका छौं। यस वर्ष मात्र ७८ वटा सहकारी संघ संस्थाका जम्मा १७६१ जनाले अध्ययन भ्रमण गरेका छन्। जस अन्तर्गत सहकारी विभागका प्रतिनिधीहरु, विभिन्न विषयका प्रारम्भिक सहकारी संस्थाहरु, विषयगत तथा जिल्लास्तरीय संघका प्रतिनिधीहरु, केन्द्रिय तथा राष्ट्रिय सहकारी संघका प्रतिनिधीहरु, स्थानीय तहका सहकारी शाखा र स्थानीय तहका प्रतिनिधीहरु रहेका थिए।

**७, नीति, विधी र प्रविधी व्यवस्थापन**

विद्यमान नीति निर्देशिकाहरुलाई समयानुकूल परिमार्जन गर्दै लाने क्रममा नीतिको मूल अंशहरुलाई सदस्यहरुको जानकारीको लागि संक्षिप्त नीति पुस्तिकाको रुपमा प्रकाशित गरेका छौं। यस अवधि सम्म आई पुग्दा संस्था सञ्चालनको लागि १० वटा नीति, १९ वटा कार्यविधि र ६ वटा निर्देशिका गरि ३५ वटा नीति, कार्यविधि र निर्देशिका तयार गरि लागु गरिएको छ भने थप १३ वटा निति तथा कार्यविधि यस वर्ष निर्माण गर्नुपर्नेछ। त्यसैगरी संस्थाको वेभसाईटलाई समय अनुकूल परिमार्जन गरिएको छ भने संस्थाको मूखपत्रको रुपमा रहेको सहकारी समाचार बुलेटिनको प्रकासनलाई निरन्तरता दिईएको छ। संस्थाको कारोबार र गतिविधीलाई स्तरीकरण गरि ब्रान्डेड संस्थाको रुपमा स्थापित गर्ने उद्धेश्य सहित पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेसन) को सहभागितालाई निरन्तरता दिईएको छ। संस्थालाई नीतिगत रुपमा सञ्चालन गर्न आवश्यक कार्यविधी तथा निर्देशिकाहरुको संसोधन तथा निर्माण गरि लागु गरिएको छ।

**८, सहकारी अभियानसंगको सहकार्य :**

सहकारीको अर्को अर्थ सहकार्य हो। जसरी हामी सदस्य बीच सहकार्य गर्छौं, त्यसरी नै संस्थाहरु बीचको सहकार्यबाट संघहरुको स्थापना गरिएको हुन्छ। त्यसरी स्थापना भएका संघहरुसंग आवद्धता हुनु भनेको अभियान प्रतिको आस्था र कानूनी आवश्यकता पनि हो। यहि अभियानलाई सफल बनाउन संस्थाले स्थापना काल देखि नै सहकारीका जिल्ला तथा केन्द्रिय तहसंग आवद्धता गर्दै आईरहेको छ। यस वर्ष लगानीलाई विविधीकरण गर्ने उद्धेश्य बमोजिम राष्ट्रिय सहकारी बैंक लि.मा शेयर थप गरि २० लाख पुऱ्याएको छ भने नेफस्कूनमा शेयर थप गरि ५ लाख पुऱ्याइएको छ।

हाल आवद्धता रहेका सहकारीका निकायहरु निम्न बमोजिम रहेका छन्।

| क्र.सं. | आवद्ध निकाय | प्रतिनिधित्व/अवस्था | कैफियत |
|---|---|---|---|
| १ | नेफ्स्कुन | सञ्चालक सदस्य<br>गण्डकी प्रदेश संयोजक | सभा/बैठक/तालिम/गोष्ठी/भ्रमणमा सहभागिता/लाभांश वितरण |
| २ | राष्ट्रिय सहकारी बैक लि. | ख समुहको सदस्य<br>पोखरा शाखा व्यवस्थापन उप समिति संयोजक | सभा/बैठक/तालिम/गोष्ठी/भ्रमणमा सहभागिता/लाभांश वितरण |
| ३ | जिल्ला सहकारी संघ लि.कास्की | पुर्व सञ्चालक | सभा/तालिम/गोष्ठी/भ्रमणमा सहभागिता/ लाभांश वितरण |
| ४ | कास्की बचत तथा ऋण सहकारी संघ लि. | निवर्तमान अध्यक्ष | सभा/बैठक/तालिम/गोष्ठी/भ्रमणमा सहभागिता |
| ५ | को-अपरेटिभ म्यानेजर्स क्लव कास्की | संस्थापक अध्यक्ष | सभा/तालिम/गोष्ठी/भ्रमणमा सहभागिता |

**९, संस्था एकिकरण तथा सेवा केन्द्र व्यवस्थापन :**

गत वर्षको वार्षिक साधारण सभाले दिएको निर्देशन तथा नेपाल सरकारको नीति बमोजिम अबको ३ वर्षभित्र महानगरपालिकामा ५ हजार जनसंख्या बराबर एक सहकारी बनाउने अभियान तथा एकिकरणमा जाने सहकारीहरुलाई विशेष सहुलियत प्रदान गर्ने नीतिलाई अंगीकार गर्दै पोखरा ३० मा रहेको शिशुवा महिला बचत तथा ऋण सहकारी संस्था लि.लाई पोखरा रोयल सहकारी संस्था लि.संग एकीकरण गर्न गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय र पोखरा महानगरपालिका सहकारी शाखाबाट पूर्व स्वीकृति लिई एकिकरण कार्यदलको प्रतिवेदन र चार्टड एकाउन्टेन्टको डि.डि.ए. प्रतिवेदन समेतका आधारमा दुई संस्थालाई एकिकरण गरि आजकै मितिबाट पोखरा रोयल साकोसको नामबाट एकिकरण घोषणा सहित कार्य सम्पादन गरिनेछ । यसबाट संस्थाको सदस्य वृद्धि, सम्पत्ति वृद्धि, सञ्जाल वृद्धि, सेवाको पहुँचमा वृद्धि, सेवाकेन्द्र वृद्धि, सहकारी अभियानमा नेतृत्वदायी भूमिकामा वृद्धि भएको र सरकारको निर्देशनको पालना भएको विश्वास लिएका छौं ।

**१०, वार्षिक नीति तथा कार्यक्रम :**

आदरणींय सदस्य मित्रहरु, अब म आगामी आर्थिक वर्ष २०७६/०७७ को लागि तपसिल बमोजिम नीति तथा कार्यक्रम पेश गर्न चाहान्छु ।

**पोखरा रोयल सहकारी संस्था लिमिटेडको आ.व.२०७६/०७७ को लागि बार्षिक नीति तथा कार्यक्रम :**

| क्र.सं. | शीर्षकहरु | नीति तथा कार्यक्रम | योजना र रणनीति |
|---|---|---|---|
| १ | सदस्यता तथा शेयर रकम वृद्धि | सदस्यता वृद्धि २५ प्रतिशतले र शेयर रकम कुल सम्पत्तीमा १० प्रतिशतले बृद्धि गरिनेछ । शेयर रकमको व्यवस्थापन संगै सहकारी ऐन तथा नियमावली बमोजिम लाभांश वितरण गर्ने रणनीति लिईनेछ | • महानगरका वडा र गाँउपालिकाको केन्द्रहरुमा सहकारी शिक्षा सम्वन्धी अन्तरकृया कार्यक्रम गरि सदस्यता विस्तार गरिनेछ ।<br>• रु. १ हजारभन्दा कम शेयर भएका सदस्यहरुलाई शेयर रकम वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।<br>• सदस्य बन्न ईच्छुक व्यक्तिलाई पूर्व सहकारी तालिम र सदस्यता लिईसकेकालाई अनिवार्य रुपमा सहकारी अभिमूखीकरण तालिममा सहभागी गराईनेछ ।<br>• बैकिङ्ग तथा वित्तीय पहुँचभन्दा बाहिर रहेका कम्तिमा १०० मजदुर, किसान र युवाहरुलाई विशेष प्राथमिकतामा राखी सहकारीको सदस्य बनाईनेछ । |

| | | | |
|---|---|---|---|
| ३ | बचत कार्यक्रम | कुल बचत/निक्षेपमा १० प्रतिशतले वृद्धि गर्ने नीति लिईनेछ । सम्पुर्ण सदस्यलाई मासिक अनिवार्य बचतमा सहभागिता गराईनेछ। कम्तिमा एउटा नयाँ बचतको शीर्षक थप गरिनेछ भने हाल कायम भएको बचत शिर्षकहरुलाई समयानुकुल व्यवस्थित गरिनेछ। | • बाल बचत/युवा बचत/वीमा बचत/लाभांश बचत जस्ता शिर्षकहरुमा जोड दिईनेछ ।<br>• ऋण सेवा उपभोग गरेका सदस्यहरुलाई अनिवार्य मासिक बचतमा सहभागि गराईनेछ।<br>• सन्दर्भ ब्याजदर, बजार दर, बैंक वित्तीय संस्था र सहकारीलाई हेरि ब्याजदर निर्धारण गर्ने, बचत र ऋणको फरकता दरमा विशेष ध्यान दिने ।<br>• मासिक अनिवार्य बचत सहित एक सदस्य तिन खाता अभियानलाई निरन्तरता दिईनेछ। |
| ४ | ऋण लगानी तथा असुली | यो वर्षलाई ऋण सुधार वर्षको रुपमा निरन्तर ता दिईनेछ। भाखा नाघेका ऋणलाई ५ प्रतिशत भन्दा कम कायम गर्ने र उत्पादनमुलक ऋण लागनीमा प्राथमिकता दिईनेछ । कुल ऋण लगानीमा १० प्रतिशतले वृद्धि गरिनेछ । | • प्रकृया पुरा गरि आएको २५ लाख सम्मको ऋणलाई २४ घण्टाभित्रमा प्रवाह गरिनेछ ।<br>• ऋणको भुक्तानी अवधि सदस्यको आयस्रोत, धितो र आवश्यकता हेरी बढीमा १० वर्ष सम्मको गरिनेछ, ऋणमा हर्जाना र समय समयमा छुटको व्यवस्था गरिनेछ ।<br>• किस्ता/ब्याज/अवधि र शिर्षक अनुसार ब्याजदर निर्धारण गरिनेछ, किस्ता तिर्ने सदस्यहरुलाई ३ महिनासम्मको ग्रेस पिरियडको सुविधा दिईने छ ।<br>• २५ प्रतिशत सदस्यको ऋण सदुपयोगिता जाँच गरिनेछ, प्रतिवेदनको आधारमा उत्पादनमुलक तथा अनुत्पादक ऋणीको वर्गीकरण गरिनेछ ।<br>• भाखा नाघेका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न पर्याप्त समय प्रदान गरिनेछ, संस्थाले दिएको समय वेवास्त गर्ने सदस्यहरुलाई कानुनी दायरामा ल्याई ऋण असुली गरिनेछ ।<br>• नियमित रुपमा तोकिएको समय र निर्धारित समय सम्म किस्ता तिर्ने सदस्यलाई तिरेको ब्याजमा ३ प्रतिशत छुट दिईनेछ भने किस्ता नियमित नगर्ने सदस्यलाई ३ प्रतिशत हर्जना लिईनेछ । |
| ५ | लघुवित्त कार्यक्रम | यस वर्ष लघुवित्त कार्यक्रमलाई अभियानको रुपमा लगिनेछ । संस्थाको कार्यक्षेत्रभित्रका कम्तिमा ५ वटा स्थानीय तहमा कम्तिमा एक-एक केन्द्र स्थापना गर्ने नीति लिईनेछ। | • यस आ.व.को अन्त्य सम्ममा थप २४४ वटा समुह र १०६ वटा केन्द्र निर्माण गरिनेछ ।<br>• पुराना र नयाँ केन्द्रमा गरि कुल ३ करोड ऋण प्रवाह गरिनेछ ।<br>• विभिन्न गाँउ टोलमैं पुगी वित्तीय साक्षरता सहकारी सचेतना तथा सीपमुलुक र व्यवसायिकता तालिम सञ्चालन गरिनेछ । |
| ६ | रेमिटान्स सेवा | संस्थाबाट प्रदान गरिने रेमिटान्स सेवालाई थप प्रभावकारी र विस्तार गरिनेछ । | • रेमिटान्सबाट भुक्तानी लिने स्थानीयहरुलाई संस्थाको सदस्य बनाउने नीति अख्तियार गरिनेछ ।<br>• रेमिटान्सबाट प्राप्त रकमलाई संस्थामा नै खाता खोलि उच्चतम ब्याजदर प्रदान गरिनेछ ।<br>• नियमित रुपमा रेमिटान्सको कारोबारमा सहभागी सदस्य एवं सेवाग्राही मध्ये बार्षिक १ जनालाई पुरस्कार दिईनेछ। |

| | | | |
|---|---|---|---|
| ७ | क्षमता अभिवृद्धि कार्यक्रम | सदस्य र कर्मचारीहरुको माग, आवश्यकता र औचित्यताको आधारमा समयानुकुल उनीहरुको क्षमता अभिवृद्धि गर्न नियमित रुपमा तालिम, गोष्ठी, अध्ययन भ्रमण र अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ । यस वर्ष २५ प्रतिशत सदस्यहरुलाई सहकारी सम्वन्धी तथा बित्तिय साक्षरताको तालिम प्रदान गरिनेछ । | • पर्ल्स विश्लेषण, ऋण व्यवस्थापन, नीतिगत सचेतना, सम्पत्ति शुद्धिकरण, कर, सदस्य हेरचाह, बजारीकरण शीप, संस्था एकिकरण, एटिएम तथा मोबाईल बैकिङ्ग सेवा सञ्चालन, उद्घोषण तालिम, व्यक्तित्व विकास, आदि तालिमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>• समिति, उपसमिति र उच्च व्यवस्थापनलाई लक्षित गरि कम्तिमा ४ वटा तालिम सञ्चालन गरिनेछ । जस अन्तर्गत, सियुडिसिसि, पर्ल्स तथा वित्तीय विश्लेषण, नेतृत्व विकास, नीति, विधी र प्रविधी सम्वन्धी समावेश गरिनेछ ।<br>• सदस्यहरुलाई लक्षित गरि कम्तिमा १२ वटा सदस्य शिक्षा तालिमको आयोजना गरिनेछ ।<br>• लघुवित्त कार्यक्रममा सहभागी सदस्यहरुलाई लक्षित गरि विभिन्न सहयोगी संस्थाहरुको समन्वयमा १ वटा शीपमुलक र ५ वटा व्यवसाय सम्बन्धी तालिम सञ्चालन गरिनेछ । |
| ८ | प्रविधी मैत्री सेवा | वित्तीय सेवालाई क्रमश : पेपरलेस, चेकलेस र क्यासलेस बनाईनेछ। हाल सञ्चालनमा रहेको एटिएम सेवा, मोबाईल बैकिङ्ग, एस.एम.एस.सेवालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ भने इन्टरनेट बैकिङ्गको सेवा प्रारम्भ गरिनेछ । | • यस वर्ष १००० जना सदस्यलाई एटिएम सेवामा आवद्ध गर्ने । थप एक सेवाकेन्द्रमा एटिएम मेशिन जडान गरिनेछ ।<br>• यस बर्ष संस्थाको आफ्नै एप बनाईनेछ ।<br>• यस वर्ष वेवसाईट बाट नै सदस्य पहिचान फारम शेयर फारम र खाता खोल्ने फारम भर्न सकिने व्यवस्था गरिनेछ ।<br>• प्रविधिको भरपुर प्रयोग गरि शाखारहित वित्तीय सेवा (मोबाईल भ्यान) को लागि अध्ययन गरिनेछ ।<br>• सि.डि.एम.(क्यास डिपोजिट मेसिन) मार्फत नगद जम्मा गर्ने प्रविधीको अध्ययन गरिनेछ ।<br>• विद्युतीय सेवा लिएका सदस्यहरुलाई सो सम्वन्धी तालिमको व्यवस्था गरिनेछ । |
| ९ | साक्षरता अभियान | समाजमा रहेका निरक्षर महिलाहरुलाई लक्षित गरि प्रौढ साक्षरता र युवाहरुलाई लक्षित गरि वित्तीय साक्षरता अभियान सञ्चालन गरिनेछ । | • ५ स्थानीय तहमा वित्तीय साक्षरता अभियान सञ्चालन गर्ने ।<br>• कूनै १ स्थानमा प्रौढ साक्षरता कक्षा सञ्चालन गरिनेछ ।<br>• संस्थाको प्रधान कार्यालय रहेको वडा नं. १० लाई सहकारीको नमूना वडा बनाउन अभियान सञ्चालन गर्ने ।<br>• यस आ.व.भित्र कम्तिमा २ वटा विद्यालयमा विद्यार्थीहरुलाई लक्षित गरि वित्तीय साक्षरता सञ्चालन गरि बाल सेभिङ्ग क्लव गठन गरिनेछ । युवा सेभिङ्ग क्लवलाई थप व्यवस्थित गरिनेछ । |

| | | | |
|---|---|---|---|
| १० | सांगठानिक संरचना निर्माण र एकिकरण अभियान | संस्थाको गतिविधी विस्तार गर्न तथा संस्थाबाट प्रदान गर्ने सेवाहरु सहज रुपमा सदस्यहरुको घरदैलोमा पुर्‍याउन वडा तथा पालिका स्तरीय समन्वय केन्द्र स्थापना गरिनेछ भने अन्य संस्थासंगको एकिकरण अभियान सम्पन्न गरिनेछ । | • संस्थाका कार्यालय र सेवाकेन्द्र रहेका स्थानीय निकाय बाहेक ५ वटा स्थानीय तहमा एक/ एक सम्पर्क केन्द्र स्थापना गर्न नीतिगत व्यवस्था गर्ने ।<br>• पोखरा महानगरपालिका एवं शुक्लागण्डकी नगरपालिकाका वडाहरुमा वडा स्तरीय सम्पर्क केन्द्रहरु स्थापना गरि सहकारीको गतिविधीहरु सञ्चालन गरिनेछ ।<br>• स्याँङजा जिल्ला र लमजुङ जिल्लामा रहेका कुनै एक/एक सहकारी संग एकिकरण अभियानको प्रकृया थालनी गरिनेछ ।<br>• एकिकरण अभियान सम्पन्न भए पश्चात थप दुई स्थानमा संस्थाको सेवाकेन्द्र स्थापना गरिनेछ । |
| ११ | प्रकासन तथा प्रसारण | संस्थाको गतिविधीलाई समुदायमा सहज रुपमा पुर्‍याउनका लागि प्रकाशन र प्रसारणलाई नियमित बनाईनेछ भने सो सम्वन्धी थप अध्ययन अनुसन्धान गरिनेछ । | • यस वर्ष ४ वटा सहकारी बुलेटिन प्रकाशन गरिनेछ ।<br>• सहकारी शब्दकोष र सामान्य ज्ञानलाई परिमार्जित गरि पुनः प्रकाशित गरिनेछ ।<br>• संस्थाको आफ्नै सहकारी गीत बनाईनेछ ।<br>• सहकारी समन्धी सरल हाते पुस्तिका प्रकाशन गरिने छ । |
| १२ | सदस्य सुरक्षा योजना | सदस्यहरुलाई सम्भावित दुर्घटनाबाट जोगाउनका लागि विभिन्न वीमा कम्पनीहरुसंग सम्झौता गरि जीवन सुरक्षा नीति अवलम्वन गरिनेछ । सदस्य राहत कोषको व्यवस्थापन रोयल फाउण्डेसन संस्था मार्फत गरिनेछ । | • सदस्यहरुको जीवन सुरक्षाको लागि वीमा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि वीमा बचत खाता सक्रिय बनाईनेछ ।<br>• सदस्य राहत कार्यक्रममा सहभागी सदस्यहरुलाई तोकिए बमोजिम सुरक्षा राहत प्रदान गरिनेछ ।<br>• उपरोक्त बमोजिमको कार्यलाई रोयल फाउन्डेसन मार्फत व्यवस्थित बनाईनेछ । |
| १३ | सामाजिक उत्तरदायित्व | पोखरा रोयललाई समुदायको पहिलो रोजाईको संस्था बनाउन सामाजिक गतिविधीमा केन्द्रित हुने नीति लिईनेछ । सामाजिक गतिविधी सञ्चालन गर्दा स्थानीय सरकार तथा विभिन्न सामाजिक संघ संस्था र सहकारीहरुसंग सहकार्य र समन्वय गरिनेछ । | • स्वास्थ्य चौकी तथा सरकारी अस्पतालहरु मध्ये कुनै १ स्थानमा व्हील चियर वितरण गरिने छ ।<br>• संस्थाको कार्यक्षेत्र भित्रका ग्रामिण क्षेत्रमा रहेका कुनै १ विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक सामाग्री हस्तान्तरण गर्ने ।<br>• वृद्ध वृद्धा, युवा तथा बालबालिका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• महानगरको कुनै एक स्थानमा रहेको चौतारो वा पाटीपौवा मर्मत सम्भार गर्ने ।<br>• ट्राफिक जनचेतना, लागु पदार्थ तथा दुर्व्यसन जनचेतना सम्वन्धी कार्यक्रम गर्ने ।<br>• सहकारी दिवसहरुमा सहकारी स्तरीय वा विद्य( ालय स्तरीय सहकारी सम्वन्धी हाजिरी जवाफ वा वक्तृत्वकला कार्यक्रम सञ्चालन गर्ने ।<br>• सुस्त मनस्थिती भएका वालवालिकाको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |

| | | | |
|---|---|---|---|
| १४ | सम्मान तथा पुरस्कार | सहकारी संस्थाको विकास एवं प्रवर्द्धनमा यो गदान दिने तथा समाजको विभिन्न क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने सदस्य एवं श्रष्ठाहरुलाई सम्मान एवं पुरस्कृत गर्ने कार्यलाई थप व्यवस्थित बनाईनेछ । | • ज्येष्ठ सदस्य सम्मान, पेन्सन वितरण, वर्षको उत्कृष्ठ सदस्य, वर्षको उत्कृष्ठ कर्मचारी, उत्कृष्ठ सुझावकर्ता, अधिक रेमिटान्स कारो बार आदि पुरस्कारको निरन्तरता दिईनेछ ।<br>• महिनाको उत्कृष्ठ सदस्यको रुपमा समेत सम्मान गर्ने र कार्यालयमा पहिलो आउने सदस्यलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।<br>• मासिक रुपमा कर्मचारीहरुको कार्य सम्पादन मूल्याँकन गरि "महिना उत्कृष्ठ कर्मचारी" सम्मानलाई निरन्तरता दिईनेछ ।<br>• यस वर्ष राष्ट्रिय सहकारी पुरस्कार, पत्रकारिता पुरस्कार र प्रतिभा पुरस्कार वितरण गरिनेछ ।<br>• लघुवित्त कार्यक्रममा उत्कृष्ठ हुने ३ वटा केन्द्र र लघुवित्त मार्फत जीवन परि वर्तन गर्ने किसानहरु मध्ये उत्कृष्ठ ३ जनालाई पुरस्कृत गरिनेछ । |
| १५ | सभा, सेमिनार तथा बैठक | संस्थाबाट सञ्चालन हुने सभा, सेमिनार, गोष्ठी र बैठकहरुलाई तोकिएको समयभित्र सम्पन्न गर्ने र निर्णयहरुलाई कार्यान्वयन सहित उपलब्धिको समीक्षा गर्ने नीति लिईनेछ । | • नीति तथा कार्यक्रमको अर्धवार्षिक समीक्षा बैठक सञ्चालन गर्ने ।<br>• अबाकस र रणनीतिक योजनाको त्रैमासिक समीक्षा गर्ने ।<br>• समिति उपसमिति र कर्मचारी बीच अन्तर्रकृया कार्यक्रमको आयोजना गर्ने ।<br>• प्रोबेसन कार्यक्रमको समिक्षा गर्दै ब्राण्ड प्राप्त गर्नका लागि आवश्यक रणनीति तयार गर्न कार्यशाला गोष्ठी तथा समिक्षा बैठकहरु सञ्चालन गरिनेछ ।<br>• लघुवित्त कार्यक्रममा आवद्ध सदस्यहरुलाई लक्षित गरि एक महिला गोष्ठी सञ्चालन गरिनेछ । |
| १६ | मानव संसाधन | संस्थामा कार्यरत मानव संसाधनलाई चुस्त, दुरुस्त र सक्षम बनाईनेछ भने मानव शक्ति र स्रोतलाई संस्थागत हितको लागि अधिकतम प्रयोगमा ल्याईनेछ । | • प्रत्येक कर्मचारीलाई वार्षिक लक्ष्यको आधार मा उपलब्धिको कार्य सम्पादन मुल्याँकन गरिनेछ ।<br>• सामाजिक सुरक्षा योजनाको कार्यक्रममा दर्ता गरिने छ ।<br>• यस वर्ष प्रमुख कार्यकारी अधिकृत १ , लघुवित्त विभागमा १ र सेवाकेन्द्रमा ४ गरि ६ जना कर्मचारी थप गरिनेछ । आवश्यकतानुसार प्रशिक्षार्थी कर्मचारीहरुको व्यवस्था गरिनेछ । |

| | | | |
|---|---|---|---|
| १७ | नीतिगत तथा संरचनागत सुधार कार्यक्रम | संस्थाको विधमान नीति तथा संरचनामा आवश्यकताका आधारमा सुधार तथा संसोधन गर्ने नीति अख्तियार गरिनेछ । | • संस्थाको विनियम पुनरलेखन एवं भएका ३५ वटा नीति तथा कार्यविधिहरुलाई पुनरलेखन एवं थप १३ वटा नीति तथा कार्यविधिहरु बनाईनेछ ।<br>• आन्तरिक लेखा तथा प्रशासन प्रणालीलाई चुस्त दुरुस्त बनाउन लेखा समिति तथा आन्तरिक लेखा परिक्षण कार्यलाई थप प्रभावकारी बनाईनेछ ।<br>• सरकारी निकाय, सहकारी संघ, लेखा सुपरिवेक्षण समिति, लेखा परिक्षक, प्रोवेसन परिक्षण आदिबाट प्राप्त सुझावहरुलाई संस्थाको हितमा लागू गरिनेछ |
| १८ | बाहृय ऋण तथा अनुदान लिने सम्बन्धमा | संस्थाको आवश्यकता बमोजिम पर्ल्स वित्तीय प्रणालीको नीतिभित्र रहि बाहृय ऋण तथा अनुदान लिईनेछ । | • लघुवित्त कार्यक्रमलाई सहुलियत दरमा ऋण प्राप्त हुने अवस्थामा बाहृय ऋण लिईनेछ ।<br>• सदस्यहरुलाई व्यावसायिक शीप प्रदान गरि थप ऋण लगानी गर्नु पर्ने अवस्थामा ।<br>• संस्थाद्धारा सञ्चालन हुने परियोजनामा नेपाल सरकार तथा दातृ निकाय वा संघ संस्थाबाट प्राप्त अनुदान स्वीकार गर्ने । |
| १९ | सम्पत्ती खरिद | संस्थाको दैनिक प्रशासनिक कार्यहरु सुचारु ढंगले सञ्चालन गर्नका लागि आवश्यकतानुसार पूँजीगत खर्चको रुपमा सम्पत्ती खरिद गर्ने नीति लिईनेछ । | • सदस्यहरुको कागजपत्रलाई विधुतीय रुपमा व्यवस्थापन गर्नका लागि सफटवयर खरीद गरिने छ<br>• एटिएम मेशिन, डेविड कार्ड, कम्प्यूटर खरिद<br>• क्याबिनेट फाइल दराज खरीद<br>• एयर कन्डिसन, सोलार आदि<br>• कार्यालयहरु व्यवस्थापन |
| २० | कोष स्थापना तथा वितरण | सहकारी ऐन २०७४ तथा नियमावली २०७५ अनुसारका कोषहरु खडा गर्ने तथा सोहि बमोजिम प्रतिफल वितरण गर्ने। | • जगेडा कोषमा वृद्धि गर्ने<br>• ऋण सुरक्षण कोषमा उचित मात्रमा व्यवस्था<br>• सदस्यहरुलाई अधिकतम लाभांश प्रदान गर्ने ।<br>• कारोबारको आधारमा संरक्षित पूँजी फिर्ता कोषको वितरण गरिनेछ । |
| २१ | संस्थागत सुशासन सम्वन्धमा | संस्थाको हरेक गतिविधीलाई नीति, विधी र प्रविधीको माध्यमबाट सञ्चालन गरि संस्थागत सुशासन कायम गर्ने नीति लिईनेछ । | • संस्थालाई हरेक दृष्टिबाट नेपालको उत्कृष्ठ सहकारीको रुपमा विकास गरिनेछ ।<br>• संस्थाको हरेक गतिविधी नीतिगत सर्वोच्चताको आधारमा संचालन गरिनेछ । |

११) सदस्य मित्रहरु, आ.व. २०७६/०७७ को लागि अनुमानित बजेट पेश गर्ने अनुमति चाहन्छु ।

## आर्थिक वर्ष ०७६/०७७ को अनुमानित आम्दानी/खर्च (बजेट)

रु हजारमा

| क. सं. | आम्दानी शिर्षक | ०७५/०७६ अनुमानित | ०७५/०७६ वास्तविक | ०७६/०७७ अनुमानित |
|---|---|---|---|---|
| १ | ऋण ब्याज | १९०,६७१ | १८१,१८७ | २०४,५०० |
| २ | बैंक ब्याज | १६,९०० | ३५,३०४ | २१,००० |
| ३ | निबेदन दस्तुर | ७० | १८० | १६० |
| ४ | रेमिटान्स कमिसन | ७०० | ७२२ | ७०० |
| ५ | शेयर लाभांश | २५० | ३०३ | ३०० |
| ६ | ब्यबस्थापन शुल्क | ८,५०० | १०,२२४ | ७,००० |
| ७ | घर भाडा | ४४० | ४३३ | ४८० |
| ८ | बिबिध आम्दानी | १०० | ७० | १०० |
| ९ | बोनस फिर्ता | २,२५० | २,२११ | ० |
| १० | विमा कमिसन | १०० | ५७ | १०० |
| ११ | प्रवेश शुल्क | १२० | ९० | १३० |
| १२ | मोवाईल बैकिङ्ग | ६० | १९ | २० |
| १३ | सम्पत्ति बिक्रीवाट | ० | ० | ० |
| १४ | डेविट कार्ड | ८० | १०७ | ९० |
| | **जम्मा आम्दानी** | २२०,२४१ | २३०,९०७ | २३४,५८० |

| क. सं. | खर्च शिर्षक | ०७५/०७६ अनुमानित | ०७५/०७६ वास्तविक | ०७६/०७७ अनुमानित |
|---|---|---|---|---|
| १ | वचत ब्याज खर्च | १२०,००० | ११६,८२५ | १२५,३०० |
| २ | स्टेशनरी सामान | २०० | १२७ | २०० |
| ३ | बिद्युत तथा पानी | ४०० | ५४० | ८७० |
| ४ | टेलिफोन | ३५० | २६९ | ३५० |
| ५ | घर भाडा | ६२५ | ५७९ | ७०० |
| ६ | दर्ता तथा नविकरण | १०० | ८५ | १०० |
| ७ | पत्रपत्रीका खर्च | १०० | २६ | ५० |
| ८ | ईन्धन खर्च | ३५० | ३२२ | ४०० |
| ९ | चिया तथा चिसो खर्च | २०० | ११३ | २०० |
| १० | कार्यालय खर्च | ४२५ | ३९७ | ३५० |
| ११ | छपाई स्टेशनरी | ४५० | ४९६ | ७०० |
| १२ | प्राविधिक खर्च | १०० | ३४८ | ४०० |
| १३ | अतिथि सत्कार | २०० | ६६ | २०० |
| १४ | दैनिक भ्रमण भत्ता | ६०० | ३४५ | ५०० |
| १५ | ब्यापार प्रवर्धन | ३०० | २७२ | ५०० |
| १६ | सामुदायिक सेवा | ५०० | १२८ | ४०० |
| १७ | प्रशिक्षार्थी खर्च | २०० | १०८ | २०० |
| १८ | खाताबन्दी खर्च | १०० | ९६ | १०० |
| १९ | साधारण सभा | १,६०० | १,५५३ | २,००० |
| २० | सुचना तथा शुभकामना | २०० | १३२ | २०० |
| २१ | बार्षिकोत्सव तथा शुभारम्भ | ४०० | १०५ | ४०० |
| २२ | बिबिध | १०० | ५३ | १०० |

| | | | | |
|---|---|---|---|---|
| २३ | ग्रेड | ३५० | ३४८ | ५७७ |
| २४ | चाडपर्व भत्ता | ९१० | ९०८ | ८०७ |
| २५ | सञ्चय कोष | १,१०० | १,०७७ | १,१७८ |
| २६ | पोशाक भत्ता | ६८० | ७०० | ७६० |
| २७ | कर्मचारी विदा भत्ता | ९०० | ८५३ | ९३५ |
| २८ | तलब | १०,५२४ | १०,६७५ | ११,२०० |
| २९ | बिशेष भत्ता | ३,००० | २,९४१ | ३,४०० |
| ३० | औषधोपचार भत्ता | २,२५० | २,०९९ | ९८३ |
| ३१ | बिमा | ७०० | ४६० | ५०० |
| ३२ | सरसफाई | २५० | २३३ | २५० |
| ३३ | तालिम | ३०० | २९६ | १५० |
| ३४ | ऋण सुरक्षण कोष | ० | ७,६२६ | ० |
| ३५ | मर्मत संभार कम्प्युटर | ७५ | ४९ | १०० |
| ३६ | मर्मत संभार कार्यालय सामाग्री | १०० | ७० | १०० |
| ३७ | मर्मत संभार भवन | ४०० | ५६१ | २०० |
| ३८ | मर्मत संभार सवारी साधन | १०० | ६८ | १०० |
| ३९ | मर्मत संभार बिबिध | ५० | ४३ | ५० |
| ४० | ह्रासकट्टी | २,६०० | २,४५४ | ३,००० |
| ४१ | बैठक भत्ता | ६०० | ३७० | ६०० |
| ४२ | यातायात भत्ता | ३०० | २७० | ३०० |
| ४३ | पत्रपत्रीका भत्ता | ६० | ६० | ६० |
| ४४ | सञ्चार/ईन्टरनेट भत्ता | १२० | १२० | १२० |
| ४५ | आन्तरिक लेखापरिक्षण | १३६ | १३६ | १३६ |
| ४६ | लेखा परिक्षण | १३६ | १३६ | १३६ |
| ४७ | अध्ययन अवलोकन भ्रमण | ५०० | ० | ४०० |
| ४८ | प्रकाशन खर्च | २०० | ३३ | १५० |
| ४९ | सुचना प्रविधि खर्च | १२५ | १२६ | १५३ |
| ५० | ईन्टरनेट तथा ईन्ट्रानेट खर्च | ३७५ | ३२६ | ३७५ |
| ५१ | ब्रांडिङ्ग खर्च | २०० | ९० | २०० |
| ५२ | उपदान खर्च | १,७०० | ९,२८० | १,७०० |
| ५४ | डेविट कार्ड | ० | ० | ५०० |
| ५५ | कार्यालय सुरक्षा खर्च | ० | ० | ७२० |
| ५६ | प्रविधि तथा एटिएम खर्च | ० | ० | २० |
| | **जम्मा खर्च** | १५६,२४१ | १६५,३९३ | १६४,०८० |
| | **सञ्चालन बचत (मुनाफा)** | ६४,००० | ६५,५१४ | ७०,५०० |

**१२, आ.व.२०७६/२०७७ को वार्षिक नीति तथा कार्यक्रम र बजेट निम्न आधारमा तयार गरिएको छ।**

- सदस्य वृद्धि २५ प्रतिशत, शेयर वृद्धि, बचत वृद्धि, र ऋण लगानी १० प्रतिशतको अनुपातमा वृद्धि हुने प्रक्षेपण गरिएको छ।
- सरकारको कर नीति, सहकारी ऐन र अन्य नीतिगत व्यवस्थाहरुमा परिवर्तन नहुने विश्वास गरिएको छ।
- कर्मचारीहरुको तलब भत्तामा सामान्य हेरफेर हुने अनुमान गरिएको छ।
- संरक्षित पूँजी फिर्ताकोषको अनिवार्य व्यवस्था र वितरणले सदस्यहरुमा नियमित कारोबार गर्ने परिपाटीको विकास हुने विश्वास लिईएको छ भने यसले न्यायपूर्ण वितरण प्रणालीको विकास हुने कुरामा विश्वास लिईएको छ।
- ब्राण्डिङ्ग कार्यक्रममा सहभागिताका कारण पर्ल्स तथा हिमालका सूचकाँकहरुमा अनिवार्य कोष व्यवस्था गर्नुपर्ने भएकोले लगानीको प्रतिफल दर स्थिर प्राय रहने अनुमान गरिएको छ।
- संस्थागत उत्तरदायित्व र वित्तीय कारोबार तर्फको कार्यक्रमहरुमा सदस्यहरुको व्यापक रुपमा सहभागिता रहने अपेक्षा गरिएको छ।
- संघीय सरकारले लागु गरेको ऋणमा १६ प्रतिशतको सन्दर्भ ब्याजदरको सीमा आधार दर भएता पनि संस्थाले प्रदान गर्ने निक्षेप तथा ऋणको ब्याजदर उक्त दरभन्दा न्यून रहने प्रक्षेपण गरिएको छ।
- सदस्य वृद्धि, समूह वृद्धि तथा कारोबार वृद्धिको आधारमा कर्मचारी प्रशासनमा सामान्य फेरबदल हुने आँकलन गरिएको छ।
- प्रक्षेपण गरिए बमोजिम अन्य संस्थाहरुसंग एकिकरण भएको अवस्थामा संस्थाको कार्यालय, सदस्य संख्या, कर्मचारी प्रशासन, बजेट र नेतृत्व तहमा सामान्य थपघट र फेरबदल हुने अनुमान गरिएको छ।

**धन्यवाद तथा समापन।**

अन्त्यमा, संस्थाको हरेक गतिविधी तथा वित्तीय सूचकाँकहरुलाई यो उचाई सम्म ल्याईपुऱ्याउने कार्यमा सल्लाह सुझाव दिनुहुने आदरणीय सल्लाहकार महानुभावहरु, सञ्चालक समिति, लेखा समिति, विभिन्न उपसमिति, हाम्रो अभियानमा सधैं समर्पित हुने शेयर सदस्यज्यूहरु र यसको व्यवस्थापनमा २४सै घण्टा खटिने कर्मचारी मित्रहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। प्रस्तुत प्रतिवेदनमा यहाँहरुको सकारात्मक सुझावको अपेक्षा गर्दै छलफल तथा पारितको लागि यो प्रतिवेदन पेश गर्दछु।

**धन्यवाद। जय पोखरा रोयल साकोस।**

भीम बहादुर गुरुङ
सचिव
२३ कार्तिक २०७६

# लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन

सभाका अध्यक्ष ज्यू,
सञ्चालक समितिका सम्पुर्ण पदाधिकारीज्यूहरु, सल्लाहकार ज्यूहरु एवं उपस्थित समस्त शेयर सदस्य महानुभावहरु, सर्वप्रथम यस संस्थाको १८औ वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट हार्दिक न्यानो अभिवादन व्यक्त गर्न चाहान्छु ।

आज म यस सम्मानित सभामा लेखा समितिको तर्फबाट आर्थिक वर्ष २०७५/०७६ को वार्षिक समीक्षा प्रतिवेदन पेश गर्न चाहान्छु । यस प्रतिवेदनमा हामीले सहकारी ढाँचालाई समेत मध्यनजर गर्दै तयार गरिएको जानकारी गराउन चाहान्छु ।

**सहकारी संस्थाको नाम, ठेगाना :** पोखरा रोयल सहकारी संस्था लि. पोखरा १० बुद्धचोक कास्की ।

१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :
गत वर्ष मिति २०७५ भाद्र २८ गते सम्पन्न वार्षिक साधारण सभाले गरेको निर्णयहरुको कार्यान्वयन पक्ष राम्रो छ । संस्थाले सोहि बमोजिम आर्थिक तथा सामाजिक क्षेत्रमा प्रगति गर्दै गएको पाइएको छ ।

२. आ.व. २०७५/०७६ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :
- सञ्चालक समितिको बैठक संख्या : १२
- लेखा समितिको बैठक संख्या : १०
- संयुक्त बैठक संख्या : २
- कर्जा उपसमितिको बैठक संख्या : २६
- अन्य उपसमितिहरुको बैठक संख्या : १४

३. बैठकको निर्णयको कार्यान्वयनको अवस्था : सञ्चालक समितिले निर्णय गरेको व्यवस्थापनले पुर्ण रुपमा पालना गरेको पाइयो ।

४. ऋण लागानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :
संस्थामा प्राप्त निवेदन उपर प्राविधिक, कर्मचारी र ऋण उपसमितिको टोलीले स्थलगत रुपमा धितो तथा परियोजना स्थलको निरीक्षण गरे पश्चात मूल्याँकन प्रतिवेदनका आधारमा सञ्चालक समिति, ऋण उपसमिति र उच्च व्यवस्थापनले निर्णय गरि सम्वन्धित मालपोत कार्यालयबाट धितो वन्धक तथा रोक्का राखी लगानी गरिन्छ । संस्थाले हाल सम्म लगानी गरेको ऋण घर, जग्गा तथा सवारी साधन रोक्का राखी लगानी गरेको पाईन्छ ।

५. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :
सहकारी ऐन २०७४, सम्पत्ती शुद्धिकरण निवारण निर्देशिका २०७४, सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५, गण्डकी प्रदेश सहकारी नियमाली एवं विभाग बाट जारि गरिएका अन्य निर्देशनहरुको पालना गरेको पाईयो ।

६. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारको निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :
संस्थाले सहकारी कार्यालयले समय समय दिईएको निर्देशन तथा सुझावहरुलाई पुर्णरुपमा पालना गरेको पाईन्छ ।

७. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :
